# सनातन सृष्टिकर्ता परमप्रभु जीवित परमेश्वर भावुक र करुणामय हुनुहुन्छ



## शबाथ दउिसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *भजन १०३:१३; यशैया ४९:१५; होशे ११:१-९; मत्ती २३:३७; २ कोरन्थी ११:२; १ कोरन्थी १३:४-८।*

**याद गर्नुपर्ने पद: "के कुनै आमाले आफ्नो दूधेबालकलाई बिर्सन सक्छे र? आफूले जन्माएको बालकलाई के त्यसले टिठ्याउँदिनँ र? त्यसले बिर्सन पनि सक्छे, तर म त तिमीलाई बिर्सन सक्दिनँ।"** *(यशैया ४९:१५)*।

कतिपय समयमा भावना, तरङ्ग, मनोवेग र जोशहरू मानवको निम्ति अवाञ्छनीय तत्त्व वा गुणहरू हुन् भनेर मानिसहरूले सोच्दछन् र तिनीहरूलाई सकेसम्म पन्छाउनुपर्छ भनेर विभिन्न दर्शनहरूले सिकाउँदछन्। कतिपय मानिसहरू सोच्दै नसोची झरङ्ग तरङ्ग वा भावनाहरू निकाल्दछन्। त्यो तिनीहरूको मिजासै भएको पनि पाउँछौं। त्यसकारण, असल पुरुष होस् वा महिला होस्, भावुक हुनु असल छैन भनेर कतिपयले सोच्दछन्। भावना व्यक्त नगर्नु वा चिसो व्यक्तित्व हुनु वा आफूमा भएका भावनाहरूलाई अनेकौँ तर्क गरेर दबाउनु वा असंवेदनशील हुनु नै आदर्श वा विवेकशील पुरुष हुनु हो भनेर कतिपय ग्रीक दर्शन वा विद्यामा परिभाषित गरेको छ। भावनाहरू व्यक्त गर्न कठ्याङ्ग्रिनु कतिपयले आफ्नो श्रेष्ठ मिजास हो भनेर गौरव पनि गर्दछन्।

निश्चय नै लगाम नकसेका भावना वा तरङ्गहरू निकाल्ने मिजास त समस्याको जरो पनि हुन सक्छ। तर यो हामीले कहिले पनि बिर्सनुहुन्न कि परमेश्वरले नै हामीमा भावना, तरङ्ग र जोशहरू निकाल्न सक्ने क्षमता दिएर सृष्टि गर्नुभएको हो। बाइबलभरि परमेश्वर

आफैले प्रबल भावना वा तरङ्गहरू निकाल्नुभएको चित्रण निरन्तर देखाइएको छ। यदि परमेश्वर आफैले गहिरो भावनाहरू व्यक्त गर्नुहुन्छ भने भावुक हुन नराम्रो वा अविवेकी हुनु भन्न सकिँदैन। बाइबलले चित्रण गरेको परमेश्वर सिद्ध र असल हुनुहुन्छ र उहाँ सिद्ध वा परिपक्व ज्ञान, विवेक र बुद्धिले सुसज्जित हुनुभएको छ।

हामीप्रति परमेश्वरको प्रेम कति गहिरो र भावुक छ भन्ने आत्मज्ञान हामीमा भयो भने बाइबलका सत्यहरू हाम्रो निम्ति सुन्दर हुन सक्छन्। परमेश्वरको प्रेम र प्रेमका भावनाहरू परिपक्व र सिद्ध भए तापनि एउटा कुरामा हामीले सावधानी अपनाउनुपर्दछ: त्यो हो उहाँका भावनाहरू मानवीय अनुभव वा भावनाहरू समान छन् भनेर हामीले कहिले पनि सोच्नुहुन्न अर्थात हामीले व्यक्त गर्ने भावना, तरङ्ग र मिजासहरू परमेश्वरकै जोशमा भएको हो ठान्नु गलत मान्नुपर्दछ।

# मातृप्रेमभन्दा बढी

बालकप्रति बाबु-आमाको प्रेम नै शायद मानवीय अनुभवमा प्रायः आउने सबभन्दा उच्च प्रेम हो। आफ्ना जनहरूप्रति परमेश्वरको प्रेमिलो सम्बन्ध र करुणा कस्तो छ भनेर चित्रण गर्न उहाँले बारम्बार बालक र बाबु-आमाको सम्बन्ध प्रयोग गर्नुभएको छ। मानिसप्रति परमेश्वरको प्रेम अतुलनीय छ। मानिसले व्यक्त गर्न सक्ने कुनै पनि भावनाको खुबीभन्दा परमेश्वरको प्रेम गहिरो र अति सुन्दर छ भनेर बाइबलले बताउँछ।

पढ्नुहोस्: **भजनसंग्रह १०३:१०-१३; यशैया ४९:१३-१५; र यर्मिया ३१:१८-२० पढ्नुहोस्। परमेश्वरको प्रेम, करुणा र दयाको स्वभाव कतिको गहिरो र अतुलनीय छ भनेर यी पदहरूले कसरी चित्रण गर्दछन्?**

---

---

हामी परमेश्वरका अति प्रिय छोराछोरीहरू हौं भनेर उपर्युक्त पदहरूले हामीलाई बताउँछन्। असल मानवीय बाबु र आमाले आफ्ना छोराछोरीहरूलाई प्यार गर्नेभन्दा बढी प्यार परमेश्वरले हामीलाई गर्नुहुन्छ। यशैया ४९:१५मा परमेश्वरले यसरी जिकिर गर्नुहुन्छ, "के कुनै आमाले आफ्नो दूधेबालकलाई बिर्सन सक्छे र? आफूले जन्माएको बालकलाई के त्यसले टिठ्याउँदिनँ र? त्यसले बिर्सन पनि सक्छे, तर म त तिमीलाई बिर्सन सक्दिनँ।" [मानव समाजको इतिहासमा कतिपय आमाहरूले आफ्ना बच्चालाई फ्याकेको वा वास्ता नगरेको हामीले पाउँछौं]। तर परमेश्वरले उहाँको सन्तानलाई कहिले पनि बिर्सनुहुन्न र उहाँको करुणा कहिले पनि असफल हुँदैन *(विलाप ३:२२)*।

यो रोचक छ कि हिब्रू भाषाको *राहेम raham* जसको अर्थ हो करुणा भनेर उपर्युक्त पद र अन्त उल्लेख गरिएको छ, त्यो हिब्रू भाषाकै *रहेम rehem* भन्ने शब्द गर्भबाट आएको हो भनेर विश्वास गरिन्छ। त्यसकारण, बाइबलका विद्वानहरूले परमेश्वरको प्रेम वा करुणा गर्भमा रहेको आमाको प्रेमसँग तुलना गरिन्छ। यो कुनै मानवीय शब्दले व्याख्या गर्न नसकिने मानवीय करुणाभन्दा अति महान् करुणा हो। आफ्नो जन्मेको बालकलाई भन्दा बढी प्रेम र करुणा परमेश्वरको हामीमा छ।

यर्मिया ३१:२० अनुसार आफूले करार बाँधेका जनहरूलाई परमेश्वरले "प्यारो पुत्र" र "अति मायालु बालक," भनेर सम्बोधन गर्नुभएको छ। तिनीहरूले उहाँलाई जतिसुकै चित्त दुखाए तापनि वा उहाँप्रति गद्दारी गरे तापनि, जति उहाँको विरोध गरे तापनि र उहाँलाई त्यागे तापनि उहाँले त्याग्नुहुनेछैन भनेर बाइबलले बताउँछ। परमेश्वरले यो घोषणा गर्नुहुन्छ, "मेरो हृदय तिनीहरूको धेरै चाहना गर्छ," र "उसलाई म दया देखाउन निश्चय गर्छु।" यहाँ "दया" भन्ने शब्द परमेश्वरको करुणा वा *राहेमलाई* जनाउँछ। "मेरो हृदयको चाहनालाई" भित्रीबाटै आर्तनाद गरेको अनुवाद गर्न सकिन्छ। यो परमेश्वरले व्यक्त गर्नुहुने गहिरो र अति प्रेमको लवज वा भावना हो। आफ्ना जनहरूप्रति उहाँको करुणामय प्रेम कतिको प्रचण्ड वा अचाक्ली छ भनेर यसले देखाउँछ। उहाँका जनहरूले उहाँलाई गद्दारी गरे तापनि उहाँको प्रशस्त करुणा र दया तिनीहरूलाई पोखाइरहनुभएको छ। यो कुनै पनि मानवीय तर्कभन्दा बाहिरको कुरो हो।

**हामी कतिको लागि परमेश्वरको करुणा प्रिय पिता र आमाले गर्नुभएको जतिकै गहिरो छ भन्ने सन्देश सुन्दा हामीलाई रमाइलो नै लाग्छ। तर कतिपय मानिसहरू यसमा द्वन्द्व त होला किनभने कतिपय बाबु र आमा मायालु र करुणामय छैन। यस परिवेशमा परमेश्वरको प्रेम ती व्यक्तिहरूलाई अरू के-केबाट प्रकट गर्न सकिन्छ होला?**

# हामीलाई देखाइएको हृदयविधारक वा पेटै पोल्ने प्रेम

अतुलनीय र गन्नै नसकिने परमेश्वरको प्रेम र करुणाको गहिराइलाई होशेको पुस्तकमा प्रकट गरिएको छ। उहाँले अगमवक्ता होशेलाई यो अपवादको रूपमा व्यवहारमै उतार्न आदेश दिनुभयो, "जाऊ, वेश्यालयबाट एक श्रीमती तिमीले ल्याऊ। तिनी वेश्यालयका सन्तान हुन्। परमप्रभु प्रभुलाई त्यागेर सारा राष्ट्रले ठूलो वेश्यावृति गरिरहेको छ।" *(होशे १:२)*। आफ्ना जनहरूसँग परमेश्वरको सम्बन्ध कस्तो छ भनेर होशे ११मा वर्णन गरिएको छ। उहाँको सम्बन्धलाई बाबु र छोराको बीचमा हुने प्यारको प्रतिकद्वारा देखाइएको छ।

पढ्नुहोस्: **हेर्नुहोस्, परमेश्वरले आफ्ना जनहरूलाई कतिको प्रेम र स्याहा गर्नुहुन्छ भनेर देहायका प्रतिकहरूले कसरी देखाउँछ? होशे ११:१-९ पढ्नुहोस्।**

________________________________________

________________________________________

________________________________________

जतिसुकै बागी भए तापनि वा परमेश्वरको अनुहारमा हिलो छ्यापे तापनि तिनीहरूप्रति परमेश्वरको प्रेम बाबुआमाले गर्ने आफ्नो बालकलाई जस्तो हो। आफ्नो बालकमाथि बाबु-आमाको स्नेह पोखाएको बुझ्न सकेको भए परमेश्वरको स्नेह पनि ती इस्राएलीहरूले महसुस गर्नेथिए। बाबु-आमाले बालकलाई कसरी प्यार गरेर हुर्काउँछन् भनेर बाइबलमा चित्रण गरिएको छ। बाबु-आमाले आफ्नो बालकलाई प्यार गर्दै हिँड्न सिकाउँछन्, आफ्नो काखमा लिन्छन् र बोक्छन्, बिमार भएको बेलामा तिनीहरूलाई स्याहार्छन् र निको पार्छन् र तिनीहरूको पालन पोषण गर्छन्। परमेश्वरले आफ्ना जनहरूलाई त्यसरी नै कोमल तरिकाले स्याहार्नुहुन्छ। जसरी मानिसले आफ्नो छोरोलाई बोकेर लान्छ त्यसरी नै परमेश्वरले इस्राएलीहरूलाई बोक्नुभएको थियो भनेर बाइबलले बताउँछ *(व्यवस्था १:३१)*। बुढेसकाल नहुञ्जेल परमेश्वरले तिनीहरूलाई बोक्नुहुन्छ भनेर पनि बाइबलमा थपिएको छ *(यशैया ६३:९)*।

परमेश्वरको प्यार र कहिल्यै नहल्लिने वा नडमगिने बफादारिताको विपरित इस्राएलीहरू उहाँको गद्दारी वा विश्वासघात बारम्बार गरेका थिए। तिनीहरू परमेश्वरको

मातहतमा बस्न नचाहेको बारम्बार देखाएकोले आखिरमा तिनीहरूले उहाँलाई पछाडि घचेटे जसको फलस्वरूप उहाँ तिनीहरूबाट टाढा हुन वाध्य हुनुपर्‍यो र तिनीहरूको न्यायको जिम्मा तिनीहरूले नै लिए, जसले गर्दा परमेश्वर गहिरो दुःख वा शोकमा पर्नुभएको थियो। परमेश्वर करुणामय त हुनुहुन्छ नै तर उहाँले न्यायलाई कहिले पनि बहिष्कार गर्नुभएन। [हामीले पछि हेर्नेछौं कि प्रेम र न्याय एक सिक्को दुई पाटा हो]।

तपाईंको पेट नै मडारिएको वा मन्थन हुने गरेर कहिले दुखेको छ? यही खालको चित्रण परमेश्वरले आफ्ना जनहरूप्रति प्रयोग गर्नुभएको थियो। हृदय नै उल्टिएको र करुणाले प्रज्वलित हुनु भन्ने व्यक्त गर्ने शैलीले परमेश्वर र मानिसहरूका भावनाहरू कतिको गहिरो छ भनेर बुझाउन खोज्दछ।

यही खालको करुणा प्रज्वलित *(कामार kamar)*-को चित्रण ती दुई स्त्रीहरूको मामिलामा प्रयोग गरिएको छ। जुन दुई स्त्रीहरू आफ्नो न्यायको निम्ति राजा सोलोमनकहाँ आएका थिए। तिनीहरूसँग भर्खर जन्मको एक बालक थियो, र दुवै जनाले आफ्नो भनेर दाबी गरेका थिए। जब सोलोमनले बालकलाई दुई टुक्रा गर्ने गरे काट भनेर हुकुम गरेका थिए (मार्न नै राजाको आशय थिएन) तब सकली आमामा कस्तो भावनाले प्रज्वलित भएकी थिइन् वा उनको कस्तो हृदयविधारक प्रतिक्रिया थियो भनेर वर्णन गरिएको छ *(१ राजा ३:२६सँग उत्पत्ति ४३:३० तुलना गर्नुहोस्)*। त्यही भावना परमेश्वरमा हुने भनिएको छ।

**बाबु-आमा हुने जो व्यक्ति पनि यस बुँदामा के चर्चा गरिरहेको छ सो बुझ्न सक्छ। यस संसारमा कुनै पनि सांसारिक प्रेम छैन जससँग बाबु-आमाको प्रेम तुलना गर्न सकिन्छ। यसले परमेश्वरको वास्तविक प्रेमको बारेमा हामीलाई कसरी बुझाउन खोजिएको छ? यसबाट हामीले कस्तो सान्त्वना, समझ र आशा खिँच्न सक्छौं?**

# येशूको करुणा

परमेश्वरको करुणाको चित्रण नयाँ करारमा पनि पुरानो करारमा जस्तै गरिएको छ। पावलले परमेश्वरको बारेमा यसरी सम्बोधन गरेका छन्, "हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर तथा पिता, करुणामय पिता, र सबै सान्त्वनाका परमेश्वरलाई प्रशंसा होस्।" *(२ कोरिन्थी १:३)*। अझ पावलले एफिसी २:४मा यो थप्दछन्, "तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो।"

परमेश्वर पिताको करुणाको बारेमा पेटै मडारिने जस्तो हृदयविधारक भावनाहरूको चित्रण येशू आफैले विभिन्न अर्तिकथाहरूद्वारा गर्नुभएको थियो *(मत्ती १८:२७; लूका १०:३३; १५:२०)*। जुन परमेश्वरको करुणाको चित्रण पुरानो करारमा गरिएको थियो, त्यही चित्रण नयाँ करारमा पनि, येशूको करुणाको चित्रण सुसमाचारका पुस्तकहरूमा गरेको छ। व्याकुल भएका मानिसहरूलाई येशूले करुणा देखाउनुभएको थियो।

पढ्नुहोस्: **मत्ती ९:३६; मत्ती १४:१४; मर्कूस १:४०-४२; मर्कूस ६:३३-३४; लूका ७:१३; र मत्ती २३:३७ पदहरू पढ्नुहोस्। मानिसहरूका पीडा र दुर्दशाले गर्दा येशू कसरी भावुक हुनुभएको थियो भनेर यी पदहरूले कसरी चित्रण गरेका छन्?**

मानिसहरू वेचैन वा दुर्गति भएका र तिनीहरूको आवश्यकता भएको देखेर येशू अत्यन्तै भावुक हुनुभएको सुसमाचारका पुस्तकहरूले बारम्बार उल्लेख गरेका छन्। उहाँ केवल करुणाको उपदेश दिनुभएन वा भाषण मात्र छाँट्नुभएन, उहाँले तिनीहरूको आवश्यकतालाई पनि पूरा गर्नुभएको थियो।

हो, मानिसहरूको दुर्गति देख्दा येशूले विलाप गर्नुभएको थियो। आफ्नो प्यारो सहर यरुशलेमलाई हेरेर उहाँले गहभरि आँशु चुहाएर यसरी सम्बोधन गर्नुभएको थियो, "जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले धेरै पल्ट

तेरा बालकहरूलाई बटुल्ने इच्छा गरें, तर तैंले मानिनस्।" *(मत्ती २३:३७)*। यहाँ पुरानो करारभरि परमेश्वरले गर्नुभएको विलापलाई येशूले प्रतिध्वनी गर्नुभएको चित्रण गरिएको छ। बाइबलका धेरै विद्वानहरूले चरा र बचेराहरूको सम्बन्धको चित्रणलाई पौराणिक सुदुर पूर्वमा प्रयोग गरिएको परमेश्वरलाई प्रयोग गरिने चित्रण हो भनेर उल्लेख गरेका छन्। चिलले जस्तै आफ्ना सानाहरूको स्याहार गरेको र सुरक्षा गरेको र तिनीहरूमाथि उडेको चित्रण परमेश्वरको चित्रण हो भनी व्यवस्था ३२:११ले आभास् दिन्छ।

**यस संसारमा हाम्रो निम्ति येशूद्वारा परमेश्वरले देखाउनुभएको महान् करुणामय प्रेमको दाँजोमा अरू कुनै पनि छैन। प्रेमको प्रदर्शनको पराकाष्टा हाम्रो निम्ति येशूले मरेरै देखाउनुभएको थियो। उहाँ परमेश्वरको सिद्ध स्वरूपमा मात्र होइन उहाँ हाम्रो निम्ति सच्चा र परिपक्व अनुसरणीय उदाहरण पनि हुनुहुन्छ। अरूको निम्ति हामी पनि कसरी उदाहरण बन्न सक्छौं जसरी पावलले धेरै पल्ट भनेका थिए, "हाम्रो अनुसरण गर्नु।" अरूको आवश्यकतामा केवल परमेश्वरको प्रेमको विषयमा भाषण छाँट्ने वा उपदेश दिने मात्र नभएर व्यवहारिक रूपमै कसरी हामीले देखाउने?**

# डाही परमेश्वर रे?

बाइबलको परमेश्वर करुणामय परमेश्वर हुनुहुन्छ। हिब्रूमा परमेश्वरलाई *एल राहुम el rahum* भनेर सम्बोधन गरिएकोछ *(व्यवस्था ४:३१)*। *el एल* भन्ने शब्दको अर्थ परमेश्वर हो। र *रहुम rahum* भन्ने शब्दको जड *राहेम raham* हो। यसको अर्थ करुणामय हो। तर उहाँ डाहा गर्ने परमेश्वर पनि हुनुहुन्छ वा *एल काना el qana*। व्यवस्था ४:२४मा परमेश्वरको बारेमा यो स्पष्ट गरि बताउँछ, "तिमीहरूका परमेश्वर भस्म पार्ने आगो र डाह *[एल काना el qana]* गर्नुहुने परमेश्वर हुनुहुन्छ।" *(हेर्नुहोस् व्यवस्था ६:१५; यहोशू २४:१९; नेहम्याह १:२)*।

पढ्नुहोस्: **"प्रेमले डाह गर्दैन" भनेर पावलले १ कोरन्थी १३:४मा बताउँछन्। त्यस परिवेशमा परमेश्वर कसरी डाह गर्ने परमेश्वर हुनुभएको थियो त? परमेश्वर कसरी डाही हुनुभयो भन्दा २ कोरिन्थी ११:२-४ले बुझाउन खोज्दछ। येशूसँग मगनी गरिएका इसाईहरू उहाँलाई त्यागेर अन्तै जाँदा वा उहाँलाई विश्वासघात गरेर चल्दा उहाँ डाही हुनु स्वभाविकै हो। इस्राएलीहरूले परमेश्वरलाई विश्वासघात गरेर जीवन बिताएका थिए भनेर बाइबलभरि उल्लेख गरिएको छ** *(उदाहरणमा, भजनसंग्रह ७८:५८)*। **बाइबलका यी पदहरूको परिवेशमा परमेश्वर डाही हुनुहुन्छ भन्ने भावनालाई हामी कसरी बुझ्न सक्छौं?**

परमेश्वर डाहा गर्ने भन्ने अभिव्यक्तिलाई धेरै जसोले गलत ढङ्गले बुझेका छन्। यदि कोही श्रीमान् वा श्रीमती डाही छ भनी तपाईंले भन्नुहुन्छ भने, तपाईंले प्रशंसा गर्न खोज्नुभएको छैन होला। डाहा भन्ने शब्द धेरै जसो भाषाहरूमा नकारात्मक अर्थहरू भएको पाइन्छ। तर परमेश्वरको डाहलाई बाइबलमा कुनै नकारात्मक अर्थमा लिइँदैन। यो प्रिय श्रीमान्को धर्मी भावना वा मिजास हो। आफ्नी श्रीमतीलाई कसैले पनि नछोऊन् भन्ने आदर्श श्रीमान्को चाहना हो।

प्रेमको विपरित डाह, ईर्ष्या र शङ्काले सजिरहने मिजास श्रीमान् र श्रीमतीको वा

अरूसँग भएमा त्यो प्रेम होइन भनेर बाइबलले सरासर जिकिर गर्दछ *(१ कोरन्थी १३:४)*। यद्यपि, असल, न्यायोचित र धार्मिक मिजासमा हुने "ईश्वरीय डाहा" वा ईर्ष्या हुन्छ भनेर पावलले ठोकुवा गर्दछन् *(२ कोरिन्थी ११:२)*। त्यसकारण जब परमेश्वर डाहा गर्नुहुन्छ भनेर सम्बोधन गरिन्छ, त्यो जहिले पनि धार्मिक र न्यायोचित हो भनेर बुझ्नुपर्दछ। आफ्ना जनहरूप्रति उहाँ कस्तो मोह भएको वा कस्तो जोशले प्रेम गर्नुहुँदो रहेछ भनेर प्रत्येक येशूभक्तले हृदयमा सजाई राख्नु जरुरी छ।

आफ्ना जनहरूप्रति परमेश्वरले गर्नुहुने प्रेमको राग वा जोशलाई हिब्रू भाषामा *काना qana* भनिन्छ। यसले उहाँ आफ्ना जनहरूप्रति कस्तो प्रबल प्रेम वा मोह भएको रहेछ भनेर खुलाउँछ। आफ्ना जनहरूसँग विशेष, अद्बितीय र व्यक्तिगत प्रेमको सम्बन्ध गाँस्न परमेश्वरले तीव्र चाहना गर्नुहुन्छ। उहाँबाहेक अरू कोही पनि परमेश्वर, ईश्वर, भगवान, स्वामी आदिलाई स्वीकार नगर्न उहाँ चाहनुहुन्छ। उहाँका भक्तको जीवनमा केवल उहाँ मात्रै सर्वशक्तिमान् एक मात्रलाई आराधना, उपासना वा प्रेम गरून् भन्ने उहाँको हृदयको चाहना हो। दुर्भाग्यवस, कतिपय समयमा परमेश्वर तिरस्कृत, उपेक्षा र हेला गरिएको प्रेमी भनेर पनि बाइबलमा चित्रण गरिएको छ। उहाँको प्रेम केवल एतर्फी मात्र भएको र उहाँका जनहरूले व्यर्थमा लिएको कारुणिक चित्रण बाइबलले बराबर गरिएको छ *(हेर्नुहोस्, होशे १-३; यर्मिया २:२; यर्मिया ३:१-१२)*। आफ्ना जनहरूप्रतिको उहाँको डाहा कहिले पनि स्वेच्छाचारी र व्यर्थ नभएको चित्रण गरिएको छ। उहाँका जनहरूले उहाँलाई जतिसुकै विश्वासघात गरे तापनि र जतिसुकै खराब र दुष्ट चालमा हिँडे तापनि यदि तिनीहरूले उहाँतिर आफ्ना हृदय फर्काए भने तिनीहरूलाई आफ्नो काखमा लिन जहिले पनि उहाँ तयार हुनुभएको बाइबलमा देखाइएको छ। त्यसकारण, परमेश्वरमा भएको डाहा वा मोहमा फसेको ईर्ष्याचाहिँ मानव डाह गर्ने मिजास र दुष्ट मानिसहरूप्रतिको प्रतिक्रियामा मात्र जागिन्छ। उहाँ मानवीय हिसाबले कहिले पनि डाहा गर्नुहुन्न तर जहिले पनि न्यायोचित र धार्मिक जोश वा मोहले उहाँका जनहरूसँग विशेष र व्यक्तिगत सम्बन्ध भएको चाहनुहुन्छ। त्यो किन त भन्दा, तिनीहरूकै अनन्त हितको निम्ति वा तिनीहरू असल होऊन् भन्ने उहाँको चाहना भएको कारण।

**जुन मोहित प्रेमद्वारा परमेश्वरले हामीलाई तान्नुहुन्छ, त्यही किसिमको शुद्ध डाहा अरूहरूलाई देखाउन हामीले कसरी सिक्ने?**

# आफ्ना जनहरूप्रति परमेश्वरको करुणामय र भावात्मक प्रेम

बाइबलको परमेश्वर करुणामय र भावुक हुने परमेश्वर हुनुहुन्छ। उहाँका हृदयका भावनाहरूका उत्कृष्ट ज्वलन्त उदाहरण येशू ख्रीष्टको जीवनमा पाइन्छ। परमेश्वर सहानुभूति प्रकट गर्ने कोमल हुनुहुन्छ *(यशैया ६३:९; हिब्रू ४:१५)*; उहाँका जनहरूको दुःखप्रति उहाँले गहिरो दुःख प्रकट गर्नुहुन्छ र त्यसले उहाँलाई प्रभाव पार्दछ *(न्यायकर्ता १०:१६; लूका १९:४१)*; र उहाँ हाम्रा प्रार्थनाहरू सुन्न, जवाफ दिन र सान्त्वना दिन उत्सुक हुनुहुन्छ *(यशैया ४९:१०, १५; मत्ती ९:३६; मत्ती १४:१४)*।

पढ्नुहोस्: **१ कोरिन्थी १३:४-८ पढ्नुहोस्। परमेश्वरको करुणा र चकित पार्ने प्रेम अरूसँगको हाम्रो सम्बन्धमा पनि देखाउनुपर्छ भनेर के उपायहरू यी पदहरूमा दिएका छन्?**

___

___

१ कोरन्थी १३:४-८मा वर्णन गरेको प्रेमले सुसज्जित भएको व्यक्तिसँग सम्बन्ध राख्न हामी हृदयदेखि नै चाहना गर्दछौं। तर हामी आफै पनि त्यही मिजासले सजिएर अरूसँग कतिको व्यवहार गर्छौं? वास्तविक रूपमा त्यहाँ व्यक्त गरिएका प्रेम-भावनाहरू हाम्रो आफ्नै प्रयास वा धर्मकर्मले हामी आफैलाई सुसज्जित पार्न सक्दैनौं। हामीमा हुनुपर्ने पक्का र सच्चा सहनशीलता, निश्वार्थी प्रेम र दया, डाहा र ईर्ष्यालाई पन्छाउने प्रवृत्ति, दम्भी वा अहङ्कार नहुने, खस्रो, कर्कश वा अशिष्ट नहुन र आफ्नो भाऊ मात्र नखोज्ने स्वभाव हामीमा स्वतः हुँदैन। यथार्थमा जुन प्रेमले सबै सहन सक्छ, सबै कुरामा विश्वास वा पत्यार गर्छ, सबै कुरामा आशा राख्दछ र सबै कुरामा स्थिर रहन्छ र कहिले पनि असफल हुँदैन, त्यस्तो प्रेम हामी आफैमा उत्पन्न गर्न सक्दैनौं। यदि हामीमा पवित्र आत्माको फल वा मिजास छ भने मात्रै ती सद्‌गुणहरू प्रकट गर्न सक्दछौं। येशू ख्रीष्टप्रति आस्थावान भएर चल्दा पवित्र आत्माले परमेश्वरको प्रेम हामीमा खन्याउन सक्नुहुन्छ भन्ने ज्ञानप्रति परमेश्वरको स्तुति र प्रशंसा होस् *(रोमी ५:५)*।

परमेश्वरको अनुग्रह र पवित्र आत्माको शक्तिले परमेश्वरको विशाल भावात्मक प्रेमले हामी सजिन सक्छौं र अरूको सामु त्यसलाई प्रतिबिम्बित गर्न सक्छौं। येशूको मिजासले सजिएको हाम्रो प्रेम पक्का, सही र असिमित सधैँ भइरहन्छ। पहिलो त, त्यो प्रेमको अनुभव गर्न हामीले प्रेमिलो परमेश्वरको उचित तरिकाले आराधना गर्नुपर्छ

र दोस्रोमा अरूप्रति करुणा, दया र उदारवादी भएर परमेश्वरको प्रेम सक्रिय रूपमा देखाउनुपर्दछ। हाम्रो इसाई जीवनमा केवल भाषण छाँट्ने र आफ्नो मात्र हित खोज्ने स्वभाव हुनुहुँदैन तर अरूको हितप्रति पनि आकर्षित भएर तिनीहरूको मन हलुका गर्न सक्ने हुनुपर्दछ। आखिरमा हामीले यो महसुस गर्नु अनिवार्य छ कि त्यस खालको सद्‌गुणी प्रेमले सजिएको प्रेम हाम्रै प्रयासमा हाम्रो हृदयमा उब्जाउन सकिँदैन तर केवल परमेश्वरले मात्र सक्नुहुन्छ।

त्यसकारण परमेश्वरसँग हामी यो प्रार्थना गरौं कि हामीमा र अरूहरूमा उहाँको निम्ति नयाँ हृदय होऊन्। हामीमा त्यस खालको शुद्ध र चोखो प्रेम होऊन् जसले असल कुराहरूलाई मात्र उचाल्दछ र हामीमा भएका सबै कचरमचरहरू उहाँले नै सफा गरून्।

हाम्रो प्रार्थना यो होऊन्, "प्रभुले तिमीहरूलाई एउटाले अर्कासँग र सबै मानिससँग प्रेममा बढ्ने र प्रशस्त भइरहने तुल्याऊन्, यस हेतुले कि उहाँका सबै सन्तहरूका साथमा हाम्रा प्रभु येशू ख्रीष्टको पुनरागमन हुँदा उहाँले हाम्रा परमेश्वर पिताको सामुन्ने तिमीहरूका हृदय पवित्र र निष्खोट तुल्याई स्थिर गराऊन्।" १ थेसलोनिकी ३:१२-१३।

**यस किसिमको प्रेम प्रकट गर्ने एउटा मात्र उपाय भनेको स्वयम् आफैप्रति र हाम्रो स्वभाविक हृदयको स्वार्थ र भ्रष्टताप्रति मर्नु हो। यसको कारण के हो? यो स्वयम् आफैप्रतिको मृत्यु अनुभव गर्न सक्षम हुनको लागि हामी कुन-कुन निर्णय गर्न सक्छौं?**

**थप जानकारी:** एलेन जी. ह्वाइटद्वारा लिखित, *थटस् फ्रम द माउन्ट अभ ब्लेशिङ्गको*, पृ. ६-४४को “बिआट्टिटुड्स्” नामक अध्याय पढ्नुहोस्।

“आफ्नो आत्मिक जीवनमा धेरै कमी भएको कसैले सोच्दछन् र आफूमा असल गर्ने केही क्षमता छैन भनेर यदि तिनीहरूले महसुस गर्दछन् भने, तिनीहरू सबै जना येशूलाई हेरेर उहाँबाट ईश्वरीय धार्मिकता र बल पाउन सक्दछन्। उहाँले यसरी बोलाइरहनुभएको छ, ‘हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु।’ मत्ती ११:२८। तपाईंको सबै विपन्नता उहाँलाई सुम्पेर उहाँका प्रशस्त अनुग्रह लिन येशूले तपाईंहरूलाई अह्वाइरहनुभएको छ। यो सत्य हो कि हाम्रो पापको स्वभावले गर्दा परमेश्वरको प्रेमको उपभोग गर्न हामी योग्य छैनौं। तर हाम्रो जमानी येशू योग्यको हुनुहुन्छ, र उहाँकहाँ आउने सबै जनालाई उद्धार गर्न उहाँ अत्यन्तै सक्षम् हुनुहुन्छ। तपाईंको विगतको अनुभव जे भए तापनि र तपाईंको वर्तमान जीवन जतिसुकै नैराश्यमय भए तापनि, यदि तपाईं जस्तो हुनुहुन्छ त्यस्तै हुनुभएर येशूकहाँ आउनुहभयो भने, तपाईं कमजोर, असहाय, नैराश्यको बादलमा हुनुभए तापनि येशूले तपाईंलाई धेरै टाढाबाट नै भेट्न आउनुहुनेछ। उहाँका प्रेमका हातहरू फैलाएर उहाँको धार्मिकताको वस्त्र उहाँले तपाईंलाई पहिर्‍याइदिनुहुनेछ। उहाँको आफ्नै चरित्रको सेतो वस्त्र लगाइदिनुभएर उहाँले परमेश्वर पिताको सामु हामीलाई उभ्याउनुहुनेछ। हाम्रो निम्ति उहाँले परमेश्वरसँग यो बिन्ती गर्नुहुन्छ: यस पापीको ठाउँ मैले लिएको छु। यस बालकको बेवारिसे जीवनलाई नहेर्नुहोस्, तर उसको सट्टामा मलाई हेर्नुहोस्। के शैतानले हाम्रा पापहरूको कारण पापका दोषहरूलाई औँल्याउँदै हामी त उसको शिकारहरू हो भनेर ठूलो स्वरले कराउँछ त? तर येशूको रगतको महाशक्तिद्वारा येशूले हाम्रो निम्ति बिन्ती गर्नुहुन्छ।”—*थटस् फ्रम द माउन्ट अभ ब्लेसिङ्गन्स*, पृ. ८, ९।

## छलफलको लागि प्रश्नहरू:

१. हामीलाई परमेश्वर पिताको अगाडि येशूले कसरी प्रस्तुत गर्नुहुन्छ, त्यसप्रति आभारित हुनुपर्छ भनेर दिदीमाँ एलेन जी. ह्वाइटले माथिका अभिव्यक्तिहरूबाट आभास् दिन्छिन्। "उहाँले पिताको सामु उहाँको चरित्रको सेतो वस्त्रले पहिराउनुभएर हामीलाई प्रस्तुत गर्नुहुन्छ। कतिपय समयमा हाम्रा कमजोर र गलत कामहरूले गर्दा हामी निराश हुन सक्छौं वा परमेश्वरले हामीलाई खन्याउनुभएको प्रेमलाई अरूको सामु प्रतिबिम्बित गर्दैनौं, तैपनि हामी जहिले पनि यस अचम्मको सन्देशलाई सधैँ आत्मसात किन गरिरहनुपर्छ? हाम्रो खोटपूर्ण चरित्रलाई पिताले हेर्नुहुन्न, तर येशूको निष्खोत चरित्रको वस्त्रलाई हेर्नुहुन्छ भन्ने खबरले हामीलाई चकित गराउनुपर्दैन र?

२. जब दुई स्त्रीहरूले बालकलाई आफ्नै हो भनेर दाबी गर्दै सोलोमनकहाँ आए तब बालकलाई काटेर बाँड भन्दा सही आमाको हृदयमा कस्तो पीडा भयो होला, सोच्नुहोस्। १ राजा ३:२६मा उल्लेख गरिएको मातृभावनालाई फेरि सोच्नुहोस्। यही खालको भाषाले आफ्ना जनहरूप्रति परमेश्वर भावुक भएर होशे ११:८मा व्यक्त गर्नुभएको त्यस्तै प्रकारका शब्दहरू बुझ्नमा कसरी पदत गर्दछ?

३. मानिसहरूका पीडादायी आवश्यकताहरू देखेर येशू कस्तो मार्मिक हुनुभएको थियो भनेर सुसमाचारका पुस्तकहरूभरि प्रस्तुत गरिएको छ। मानिसहरूकै आवश्यकताप्रति संवेदनशील हुनुभएर उहाँले सम्बोधन गर्नुभएको थियो। पीडा वा शङ्कटमा परेका मानिसहरूको दिललाई हलुको पार्न के-के व्यवाहारिक कदमहरू चाल्न सक्नुहुन्छ?

# जँड्याहा मानिसहरूले आक्रमन गर्छन्

*लेखक:* आन्ड्र्यु मेकचेस्ने

एक जना मानिस रक्सीले मात्तीएर २१ वर्षकी मिसिनेरी महिलालाई सार्वजनिक बसमा जबरजस्ती अङ्गालो मारेर म्वाइ खान खोजेको थियो। उसबाट उनी जबरजस्ती फुट्किन खोजेकी थिइन्। बसका यात्रुहरूले वास्तो गरेनन्। तब एक जना अधबैँसे महिलाले बसको ड्राइभरलाई केही भनेर चिच्याइन्। बस रोकियो र त्यस महिलाको सहायताले धेरै यात्रुहरूले त्यस जँड्याहा मानिसलाई बसबाट निकालिदिए। उनी सुँक्क गरिरहेकी मिसिनेरी महिला त्यस अधवैँसे महिलाकहाँ आइन् र उनको पाखुरा समातेर केही भनिन् जुन उनले बुझ्न सकेकी थिएन।

जोआन पार्क किमको निम्ति त्यो अनुभव दुःख लाग्दो सपना जस्तै थियो। उनी मङ्गोलियामा मिसिनेरी हुन आएकी थिइन्। प्रत्येक हप्ता खराब मानिसको आक्रमणमा उनी परेकी थिइन्। यो १९९०को समय हो। उनी अविवाहित अमेरिकन महिला थिइन् जसले भूतपूर्व कम्युनिस्ट देश मङ्गोलियाको विपन्न वर्गका मानिसहरूको सेवा गर्न पहिलो सेभेन्थ-डे एड्भेन्टिस्ट मिसिनेरी थिइन्।

अर्को फेरा एक जना जँड्याहा छिमेकीले उनको कोठा आफ्नै ठाने कमजोर काठको ढोका खोलेर उसले उनलाई लातका लात हान्न थाल्यो। जोआनले कुचो लिएर त्यस मानिससँग घम्साघम्सी गरिन्। उनी चिच्याएर झगडा गर्द उनी हार्न लागेकी थिइन्। तब उनले कुचोले छानामा हिर्काएर साथी मिसिनेरी दम्पत्तिको कोठामा हान्न थालिन्। तिनीहरूले त्यो सुनेर तल आएर तिनलाई उद्धार गरिन्।

जोआनको अन्तिम सङ्घर्ष उनी र उनकी सह-मिसिनेरी साथी एउटा बस स्टपमा बस पर्खिरहेका थिए। त्यो बस स्टप मङ्गोलियाको राजधानी उलनबाटरबाट बाहिर गाउँमा थियो। एक जना आमाले उनको छोराको पहिलो कपाल काट्ने समयमा बोलाएकी थिइन्। मङ्गोलियामा यो ठूलो समारोहको रूपमा लिन्छ। जोआनलाई त्यस बस स्टपमा पर्खिन अह्राएकी थिइन् किनभने सडकहरूमा कुनै मार्गदर्शक चिनो नभएकोले उनले त्यस आमाको घर कहिले पनि पत्ता लगाउन सक्दैन भनिएको थियो। उनी र मिसिनेरी साथी आमाको

प्रतिक्षामा बाटोमा पर्खेर बसे।

अनि चार जना जँड्याहाहरू आएर उनलाई जबरजस्ति अङ्गालो मारेर म्वाइ खान खोझे। जोआन र अर्को मिसिनेरी त्यहाँबाट सर्न थाले तर ती मानिसहरू उनको पिछा गरे। हुलले उनलाई सहयोग गर्न केही पनि गरेन। ती मानिसहरूले ती महिलाहरूलाई गल्लीमा घिसारेर लगे। जोआन लाटले हानेर लड्न खोजिन्। ती चार जना मानिसहरूको सामु उनको केही लागेको थिएन। तब ती मानिसहरूले ती महिलाहरूलाई भुईंमा पछारे। तब आफ्नो अन्त आएको भनेर जोआनले सोचिन्। तर अचानक ती मानिसहरूका अनुहारहरू रातो पिरो भयो र तिनीहरू भागे। जोआनले उनलाई बचाउन को आएको थियो भनेर हेरिन्। तर त्यहाँ कोही पनि थिएन। त्यस बेला ती जँड्याहाहरूले स्वर्गदूत देखेको हुनुपर्छ भनेर ठानिन्।

